नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# कुश्मा नगरपालिका कार्यालय

कुश्मा, पर्वत

## सौर्य बत्ति आपुर्ति तथा जडान सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७३/१०/१० गते)

१) यस कुश्मा नगरपालिकालाई आ.व. २०७३/०७४ मा आवश्यक पर्ने सौर्य बत्ति सप्लाइ तथा जडान गर्न इच्छुक र इजाजतप्राप्त फर्म/कम्पनी/संस्थाले देहायवमोजिमको शर्तहरुको अधिनमा रहि रितपुर्वकको वोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित गरिएको मिति देखि ३० औं दिन सम्म वोलपत्र फारम यस कार्यालयमा अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनि दर्ताको प्रमाणित प्रमाणपत्र, मुल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७२/०७३ सम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाणपत्र वा आ.व.२०७२/०७३ कर/आय विवरण पेश गरेको प्रमाणित कागजात र उत्पादक कम्पनीवाट फर्म वा कम्पनिलाई प्राप्त Authorization letter प्रमाणित प्रतिलिपि, बोलपत्र खरीद गरेको कार्यालयबाट प्राप्त नगदी रसिद वा बोलपत्र खरीद बापत यस कार्यालयको नाममा रहेको ने.बै.लि. कुश्मा शाखाको खा.नं. ग-४०५६ (मुल कोष खाता) मा जम्मा गरेको सक्कलै भौचर र निवेदन साथ पेश गरेपछि नियमानुसार वोलपत्रफारम (रकम फिर्ता नहुने गरी) यस कार्यालयवाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका वोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहि छाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि ३१ औं दिनको १२ वजे भित्र यस कार्यालयमा आई वोलपत्रदर्ता गराउन सकिने छ । दर्ता भएका वोलपत्रहरु सोही दिनको २ वजे यस कार्यालयमा खोलिने छ ।

४) वोलपत्र फारम साथ जमानत रकम यस न.पा.कार्यालयको Nepal Bank Ltd., Kushma, Parbat branch Office, Account no. ०६६०३०००३०५६ (धरौटी खाता) मा नगदै जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य वैक वाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानीपत्र (विडवण्ड) वोलपत्र साथ पेश गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत वापतको भौचर वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिको लाई मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलवन्दी फारमहरु यस कार्यालयमा वोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

६) प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन साथै दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहीछाप भएको हुनुपर्नेछ ।

७) वोलपत्र सम्वन्धी अन्य सर्तहरु वोलपत्रफारममा उल्लेख गरे वमोजिम हुनेछन् ।

८) अन्य कार्य विधिहरु प्रचलित कानुन एवं स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

९) वोलपत्रका सम्वन्धमा अन्य कुराहरु वुभ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्नुहुन वा कार्यालयको सम्पर्क नम्वर ०६७-४२०१४१ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

**तपसिल :**

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| NCB 01/2073/074 | Street light (As Per approved Technical Specification). | ४३ (त्रिचालिस) | ३,०००/- | कम्तिमा कबोल अंकको २.५ प्रतिशत |

Email : info@kushmamun.gov.np

प्रमुख एवं कार्यकारी अधिकृत